

## विद्युत् प्रसारण आयोजना

# आयोजना प्रभावित आदिवासी जनजाति तथा समुदायसँग परामर्शका लागि तयार गरिएको

# प्रश्नोत्तर

MILLENNIUM CHALLENGE CORPORATION
UNITED STATES OF AMERICA

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**



### १ मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) ले विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने क्षेत्रका प्रभावित आदिवासी जनजाति तथा समुदायका मानिसहरूलाई आयोजनाबारे जानकारी गराउन के पहल गरेको छ ?

एमसिए-नेपालले सूचना, परामर्श र सहभागिता गराउने अन्तरराष्ट्रिय विधि (Information, Consultation and Participation - ICP) अवलम्बन गरी विद्युत् प्रसारण आयोजना कार्यान्वयन हुने १० जिल्लाका ३० स्थानीय तहमा बसोवास गरिरहेका आदिवासी जनजाति तथा समुदायका वासिन्दालाई विभिन्न माध्यम र कार्यक्रम मार्फत विद्युत् प्रसारण आयोजनाबारे जानकारी गराइरहेको छ । एमसिए-नेपालले निम्नानुसारको कार्यक्रम आयोजना गरेर आयोजना प्रभावित आदिवासी जनजाति तथा समुदायलाई आवश्यक सूचना उपलब्ध गराएको छ ।

- सन् २०१९ मा आयोजना कार्यान्वयन हुने क्षेत्र निर्धारण र वातावरणीय प्रभाव मूल्यांकनसम्बन्धी बैठकहरू,
- सन् २०१९ मा नै विद्युत् प्रसारण लाइनको मार्गबारे ३० वटै पालिकामार्फत प्रदान गरिएका जानकारी,
- सन् २०१९ र २०२० मा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेन तयारीका क्रममा ३० वटै पालिकामा गरिएका सार्वजनिक सुनुवाइ कार्यक्रमहरू,
- सन् २०२० मा एमसिए साझेदारी कार्यक्रमबारे जानकारी प्रदान गर्नका लागि ३० वटै पालिकामा गरिएका छलफल कार्यक्रमहरू,
- सन् २०२२ मा प्रभावित समुदायबाट प्राप्त चासो सम्बोधनका लागि आयोजना गरिएका परामर्श कार्यक्रमहरू,
- सन् २०२३ मा रुख गणना र कटानी कार्यको सहजीकरणका लागि १२९ सामुदायिक/कबुलियती वन उपभोक्ता समूहसँग गरिएका छलफल कार्यक्रमहरू, र
- एमसिए-नेपालले स्थानीयस्तरमा पुनर्वास कार्ययोजना तयारीका लागि आयोजना गरिरहेका अतिरिक्त छलफल कार्यक्रमहरू ।

एमसिए-नेपालले सबै कार्यक्रममा स्थानीय भाषाको प्रयोगमा जोड दिँदै आवश्यकता अनुसार अनुवादक समेत परिचालन गर्ने गरेको छ ।
एमसिए-नेपालले निर्माण गर्ने आयोजनाबारे सम्बन्धित जिल्लामा रहेका जिल्ला सम्पर्क अधिकृत मार्फत सरोकारवालाहरूलाई आवश्यकता अनुसार जानकारी प्रदान गरिरहेको छ । एमसिए-नेपालले आफ्ना गतिविधि एवं सार्वजनिक चासोका जानकारीहरू वेबसाइटमा नियमित रूपमा प्रकाशित गरिरहेको छ भने सूचना अधिकारीमार्फत पनि जानकारी लिन सकिने व्यवस्था मिलाएको छ । नेपाली भाषाका साथै भोजपुरी, चेपाङ, मगर र तामाङ भाषामा पनि जानकारी प्रकाशन गर्ने गरिएको छ भने सार्वजनिक सुनुवाइ र पुनर्वास कार्ययोजना जस्ता विशेष कार्यक्रम सञ्चालनका क्रममा सम्बन्धित जानकारी स्थानीय एफएम रेडियोहरूबाट पनि प्रसारण गर्ने गरिएको छ ।

### २ विद्युत् प्रसारण आयोजनाबाट आदिवासी समुदाय पर्नसक्ने प्रतिकूल प्रभाव न्यूनीकरणका लागि एमसिए-नेपालले के के उपायहरू अवलम्बन गर्दछ ?

आयोजनाबाट पर्नसक्ने प्रतिकूल प्रभाव न्यूनीकरण र आदिवासी जनजातिको मानव अधिकार, आत्मसम्मान र संस्कृतिको सम्मान एवम् विकासका लाभको उपयुक्त विधिबाट वितरणका लागि एमसीसीका नीतिहरूले अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी) कार्यसम्पादन मापदण्ड ७ को पालना गर्नुपर्ने व्यवस्था गरेको छ ।
एमसिए-नेपालले स्थानीय कानुन र एमसीसीको वातावरणीय मार्गनिर्देशन अनुसार आयोजना कार्यान्वयन हुने क्षेत्रको वातावरणीय तथा सामाजिक प्रभाव मूल्यांकन गरेको छ । परामर्श कार्यक्रमहरूबाट प्राप्त सुझाव अनुसार आदिवासी जनजातिका धार्मिक र सांस्कृतिक क्षेत्रहरूलाई नछुने गरी प्रसारण लाइनको मार्ग निर्धारण गरिएको छ । एमसिए-नेपालले आयोजना कार्यान्वयन चरणमा पनि आदिवासी जनजातिसँग परामर्श कार्यक्रमहरूलाई निरन्तरता दिनेछ र उनीहरूको गुनासा सम्बोधनका लागि अधिकतम पहल गर्नेछ ।

### ३ एमसिए-नेपालले आदिवासी जनजातिलाई सूचनामा पहुँच उपलब्ध गराउनका लागि के कस्ता अभ्यास गरिरहेको छ ?

एमसिए-नेपालले आयोजना कार्यान्वयनका क्रममा आईएफसी कार्यसम्पादन मापदण्ड ७ एवं एमसीसीको वातावरणीय मार्गनिर्देशन जस्ता अन्तरराष्ट्रिय अभ्यासका साथै उपयुक्त स्थानीय कानुन परिपालना गर्दै आदिवासी जनजातिलाई आयोजनासम्बन्धी सूचना एवं जानकारी उपलब्ध गराइरहेको छ ।





आयोजनासम्बन्धी सबै सूचना स्थानीय भाषामा पनि उपलब्ध गराइएको छ । आयोजना कार्यान्वयन हुने ३० वटै पालिकामा प्रभावित स्थानीय आदिवासी जनजातिका साथै सामुदायिक वन उपभोक्ता महासंघका प्रतिनिधिको उपस्थितिमा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरिएका छन् ।

एमसिए-नेपालले निम्नलिखित अवस्थामा आदिवासी जनजातिसँग परामर्श र सहजीकरणका लागि निरन्तर काम गरिरहेको छ :

क) परम्परागत रुपमा वा प्रयोग गर्दै आएका वा उनीहरुको स्वामित्वमा रहेको जमिन तथा प्राकृतिक स्रोतमा प्रभाव परेमा,

ख) परम्परागत रुपमा प्रयोग गर्दै आएका जमिन वा प्राकृतिक स्रोतबाट आदिवासी जनजाति स्थानान्तरण हुनुपर्ने अवस्था सिर्जना भएमा,

ग) सांस्कृतिक पहिचानसँग जोडिएका महत्वपूर्ण सम्पदा, आदिवासीको धार्मिक, सांस्कृतिक तथा आध्यात्मिक पक्षसँग सम्बन्धित जमिन, सांस्कृतिक वा आध्यात्मिक मूल्यमान्यता बोक्ने क्षेत्रहरु, पवित्र जलसम्पदा, रुख वा धार्मिक आस्थासँग सम्बन्धित शिला (ढुEा, मूर्ति) आदिमा प्रभाव पर्ने भएमा, र

घ) व्यावसायिक प्रयोजनका लागि आदिवासीको सांस्कृतिक सम्पदा, ज्ञान र नवीन सोचको उपयोग गर्नुपर्ने अवस्था आएमा ।

## ४ अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी)को मापदण्ड पूरा गर्न एमसिए-नेपालले के के काम गरेको छ ?

एमसिए-नेपालले आयोजना पहिचानको चरणदेखि नै प्रभावित हुनसक्ने आदिवासी जनजातिका लागि आईएफसीको कार्यसम्पादन मापदण्ड ५ र ७ अनुसार सूचना र सहभागिता सुनिश्चित गरेको छ । एमसिए-नेपालले आयोजना तयारी चरणमा सरोकारवाला संलग्नता योजना र गुनासो सुनुवाइ संयन्त्र बनाएको छ । यो संयन्त्र आयोजना कार्यान्वयन चरणमा पनि उपयोगी हुनेछ ।

आयोजनाबाट आदिवासी व्यक्ति र समुदायमा पर्न सक्ने सम्भावित प्रतिकूल प्रभाव न्यूनीकरणका लागि यी योजनाले उपयुक्त माध्यमबाट आवश्यक सूचना सम्प्रेषण र स्थानीय भाषामा पूर्वजानकारी सहितको परामर्शमा उनीहरुको सहभागिता सुनिश्चित गर्छन् ।

## ५ एमसिए-नेपालले आदिवासी जनजातिको चासोलाई कसरी सम्बोधन गर्छ ?

एमसिए-नेपालले आदिवासी जनजातिको चासोलाई सम्बोधन गर्नका लागि आदिवासी योजना तयार गरेको छ । यो योजना आदिवासी जनजातिमा पर्न सक्ने आयोजनाको प्रतिकूल प्रभाव न्यूनीकरण गर्नमा केन्द्रित छ । यस योजनाले गैर-आदिवासीको तुलनामा आदिवासीहरु जनजातिमा पर्न सक्ने प्रभाव पहिचान गर्दै सूचित परामर्श र सहभागिता प्रक्रिया सुनिश्चित गर्नुपर्ने र प्रतिकूल आर्थिक/सामाजिक प्रभाव न्यूनीकरणका लागि अतिरिक्त उपाय वा क्षतिपूर्तिको व्यवस्था गरिनुपर्ने विषय प्रस्ताव गरेको छ । यस योजनाले सरोकारवाला संलग्नता योजनाको सांस्कृतिक रुपमा उपयुक्त तरिकाबाट सूचित परामर्श र सहभागिता प्रक्रियालाई पनि सहयोग गर्दछ । साथै स्वतन्त्र सुसूचित सहमति प्रक्रिया अपनाउनुपर्ने अवस्थामा त्यसलाई कार्यान्वयन गर्ने ढाँचा समेत यसमा समावेश गरिएको छ ।

## ६ एमसिए-नेपालले आदिवासी जनजाति तथा अन्य समुदायबाट प्राप्त गुनासो सम्बोधनको सुनिश्चितता कसरी गरेको छ ?

एमसिए-नेपाल अन्तर्गतका आयोजनाका क्रियाकलाप र त्यसबाट परेको प्रभावबारे सरोकारवालाले उजुरी गरेमा वा चासो व्यक्त गरेमा ती उजुरी वा चासोलाई व्यवस्थित तरिकाले व्यवस्थापन गर्न गुनासो सुनुवाइ संयन्त्र (Grievance Redress Mechanism) बनाइएको छ । एमसिए-नेपालको जिल्लास्थित सम्पर्क कार्यालयमा सरोकारवाला आफैं उपस्थित भएर वा टेलिफोन, चिठी र इमेलमार्फत वा केन्द्रीय कार्यालयमा सिधै गुनासो दर्ता गर्न सकिन्छ । आयोजना कार्यान्वयन हुने जिल्लामा कार्यरत जिल्ला सम्पर्क अधिकारीहरुले पनि आदिवासी जनजातिको गुनासो दर्तामा सहजीकरण गर्न सक्छन् । एमसिए-नेपालको जिल्ला कार्यालयमा दर्ता भएका गुनासा केन्द्रीय कार्यालयमा पठाइन्छ । केन्द्रीय कार्यालयमा प्राप्त गुनासो समयमै सम्बोधनका लागि तीन तहको सुनुवाइ संयन्त्र व्यवस्था गरिएको गुनासो सुनुवाइ संयन्त्रले सम्बन्धित एकाइसँगको सहकार्यमा गुनासो सम्बोधन वा उपयुक्त समाधानका लागि थप काम गर्छ । यस संयन्त्रले गुनासोको जटिलता र सम्बोधनका लागि लाग्ने समय हेरेर आवश्यक निर्णय लिन सक्छ ।




## ७ ७) आदिवासी जनजातिको स्वामित्वमा रहेका जग्गा प्राप्तिका लागि एमसिए-नेपालले कसरी काम गर्छ ?

विकास आयोजनाका लागि आवश्यक कुनै पनि जग्गा प्राप्ति गर्दा जग्गा प्राप्ति ऐन, २०३४ को व्यवस्था अनुसार गरिन्छ । आयोजना कार्यान्वयनका लागि आदिवासी जनजाति वा अन्य समुदायका मानिसहरुको स्वामित्वमा रहेका निजी जग्गा आवश्यक परेमा एमसिए-नेपालले सोही ऐनमा भएका व्यवस्था बमोजिम क्षतिपूर्ति दिएर जग्गा प्राप्ति गर्दछ । यसका साथै एमसिए-नेपालले आफ्नो पुनर्वास नीति संरचनामा भएका प्रावधान बमोजिम प्रतिस्थापन मूल्य सिद्धान्तमा उल्लेख भए अनुसार अधिकार र क्षतिपूर्ति प्रदान गर्दै प्रभाव न्यूनीकरणका उपाय समेत अवलम्बन गरी जग्गा प्राप्ति गर्दछ ।

पुनर्वास नीति संरचनाले पुनर्वास कार्ययोजनालाई मार्गनिर्देश गर्दछ । पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुन:स्थापना कार्यक्रमले आयोजना प्रभावित प्रत्येक घरधुरीले प्राप्त गर्ने क्षतिपूर्ति र पुन:स्थापनाको विस्तृत विवरण प्रस्तुत गर्दछ ।


थप जानकारीका लागि :

**मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल)**
**लालदरबार सम्मेलन केन्द्र, याक एण्ड यति कम्प्लेक्स,**
**दरबार मार्ग, काठमाडौं, नेपाल**
+९७७-०१-४५४०९५१ | info@mcanp.org | www.mcanp.org


*विद्युत् तथा सडकमा सहज पहुँचमार्फत आर्थिक विकास*